# मधेश प्रदेश सरकार
# गृह, सञ्चार तथा कानुन मन्त्रालय

## प्रेस विज्ञप्ति

## नेपाल प्रहरीलाई १२ वटा पिकअप सवारी साधन हस्तान्तरण

मधेश प्रदेश सरकार, गृह, सञ्चार तथा कानुन मन्त्रालयले नेपाल प्रहरीको कार्यक्षमता अभिवृद्धि तथा प्रदेशको शान्ति–सुरक्षा सुदृढीकरणका लागि १२ वटा पिकअप सवारी साधन हस्तान्तरण गरेको छ।

माननीय गृह, सञ्चार तथा कानुन मन्त्रीज्यूको अध्यक्षतामा आयोजित कार्यक्रममा श्रीमान् सचिवज्यू, नेपाल प्रहरीका प्रहरी नायब महानिरीक्षक (DIG) ज्यू, मधेश प्रदेशका आठवटै जिल्लाका जिल्ला प्रहरी प्रमुख (SP) ज्यू, पत्रकार तथा मन्त्रालयका कर्मचारीहरूको उपस्थितिमा सवारी साधन हस्तान्तरण गरिएको हो। हस्तान्तरण गरिएका सवारी साधनमध्ये मधेश प्रदेशका आठवटै जिल्लाका लागि एक/एक वटा, सर्लाहीका गोडैता इलाका प्रहरी कार्यालय र गडहिया इलाका प्रहरी कार्यालयका लागि एक/एक वटा तथा रौतहटका चन्द्रपुर र गरुडा इलाका प्रहरी कार्यालयका लागि एक/एक वटा रहेका छन्।

कार्यक्रममा मन्त्रीज्यूले नेपाल प्रहरीलाई भौतिक संरचना, सवारी साधन तथा आवश्यक स्रोत–साधन उपलब्ध गराउने कार्य मन्त्रालयले विगतदेखि नै निरन्तर गर्दै आएको र आगामी दिनमा समेत निरन्तरता दिइने बताउनुभयो। नेपाल प्रहरीसँग सम्बन्धित १२ वटा बहुवर्षीय योजना मन्त्रालयबाट सञ्चालनमा रहेको जानकारी दिँदै उहाँले प्रहरीको क्षमता तथा मनोबल अभिवृद्धिका लागि मन्त्रालय प्रतिबद्ध रहेको बताउनुभयो।

हस्तान्तरण गरिएका सवारी साधनहरू अपराध नियन्त्रण, नियमित गस्ती, आकस्मिक परिचालन तथा नागरिकको सुरक्षामा अधिकतम सदुपयोग गर्न मन्त्रीज्यूले सम्बन्धित प्रहरी कार्यालयलाई निर्देशन दिनुभयो। मन्त्रीज्यूले सुरक्षा व्यवस्थापनका विषयमा मन्त्रालयसँग आवश्यक समन्वय तथा सहयोगका लागि दिन वा रात जुनसुकै समयमा आफू र मन्त्रालय तत्पर रहेको बताउँदै आठवटै जिल्ला प्रहरी प्रमुखलाई प्रभावकारी समन्वय र सहकार्यका साथ कार्यसम्पादन गर्न निर्देशन दिनुभयो।

मिति: २०८३/०५/०८